# तीतसलाई पावलको पत्र

१ परमेश्वरको सेवक र येशू ख्रीष्टका प्रेरित पावलको प्रणाम। परमेश्वरले छानेका मानिसहरूको विश्वासलाई सहायता गर्नु अनि मानिसहरूलाई सत्य बताउनुको निम्ति मलाई पठाइएको हो। परमेश्वरको सेवा कसरी गर्ने त्यो सत्यले मानिसलाई सिकाउँछ। २त्यो विश्वास र त्यो ज्ञान अनन्त जीवनको हाम्रो आशाबाट उत्पन्न हुन्छ। त्यो जीवन दिने वचन परमेश्वरले हामीलाई अनादि कालमै दिएका हुन्-परमेश्वर कहिल्यै झूटो बोल्दैनन्। ३ठीक समयमा परमेश्वरले संसारलाई त्यो जीवन बारे जान्न दिनुभयो। परमेश्वरले त्यसलाई प्रचारद्वारा जान्न दिनु भयो। त्यो काम परमेश्वरले मलाई सुम्पनु भयो। मैले त्यो हाम्रो मुक्तिदाता परमेश्वरको आदेशमा प्रचार गरेँ।

४तीतसलाई प्रणाम। हाम्रो साझा विश्वासमा तिमी मेरा साँचो छोरा हौ।

पिता परमेश्वर र हाम्रा मुक्तिदाता ख्रीष्ट येशूबाट शान्ति र अनुग्रह होस्।

### क्रेटमा तितसको काम

५मैले तिमीलाई क्रेटमा यसकारणले छोड़ेँ कि त्यहाँ बाँकीरहेको काम पूर्ण होस्। अनि हरेक शहरमा धर्मगुरुहरूलाई पनि नियुक्त गर्नु भनी मैले छाड़ेँ। ६धर्मगुरु यस्तो मानिस हुनुपर्छ जो गलत जीवन बिताइरहेको अभियुक्त नहोस्। उसको एउटै मात्र पत्नी हुनु पर्छ। उसका केटाकेटीहरू विश्वासी हुनु पर्छ, असभ्य जीवन बाँचेको वा आज्ञाकारी नभएको अभियुक्त होइन। ७धर्मगुरूको कार्य परमेश्वर प्रतिको कामको ख्याल राख्नु हो। यसर्थ कुनै गलत कर्मको निम्ति उनी अभियुक्त हुनु हुँदैन। उ घमण्डी अनि स्वार्थी हुनु हुँदैन वा झड़ङ्गे हुनु हुँदैन। उ पियक्कड़ हुनु हुँदैन। उ झगड़ालु अनि ठगेर धनी हुने आकांक्षा भएको हुनु हुँदैन। ८धर्मगुरुले मानिसहरूलाई आफ्ना घरमा लगेर सहायता गर्नु पर्छ। उसले जे असल छ त्यसलाई प्रेम गर्नु पर्छ, ज्ञानी हुनुपर्छ, सही अनि पवित्र जीवन जिउनु पर्छ। उसित आत्म संयम हुनुपर्छ। ९धर्मगुरुले हामीले सिकाएको सत्य विश्वासपूर्वक मान्नु पर्छ। उ, सही अनि सत्य शिक्षाको उपयोगद्वारा मानिसहरूलाई सहायता गर्न समर्थ हुनुपर्छ अनि मानिसहरू जो सत्य शिक्षाको विरुद्ध छन् तिनीहरू गलत छन् भनी प्रमाणित गर्नु समर्थ हुनुपर्छ।

१०आज्ञापालन नगर्ने धेरै छन्। तिनीहरू व्यर्थका कुराहरू गर्छन् अनि मानिसहरूलाई गलत तरिकाले अगुवाई गर्छन्। म विशेष गरी तिनीहरूका बारेमा कुरा गर्दैछु जो यहूदीमतबाट बाहिर भएका छन्। धर्मगुरुले मानिसहरू भूलमा छन् भनी देखाउन पर्छ अनि तिनीहरूलाई यस्ता व्यर्थका कुराबाट रोक्नु पर्छ। ११तिनीहरूले नसिकाउनु पर्ने कुराहरू सिकाएर त्यस्ता मानिसहरूले पूरै परिवारहरूलाई बिगारिरहेका छन्। खालि मानिसहरूलाई ठग्नु अनि पैसा कमाउनु मात्र तिनीहरू त्यस्तो शिक्षा दिन्छन्। १२तिनीहरूका आफ्नै एकजना देशवासी जो तिनीहरूका अगमवक्ताले भने, "क्रेटका मानिसहरू सधैं झूटो बोल्छन्। ती जङ्गली पशुहरू जस्तै छन् अनि तिनीहरू अल्छे छन्, तिनीहरूले कसरी खानु त्यो मात्र जानेका छन्।" १३अगमवक्ताले भनेका ती कुराहरू ठीक हुन्, यसर्थ तिमीले तिनीहरूलाई देखाउनु पर्छ कि तिनी गलत छन्। तिमी तिनीहरूसित कठोर बन्नुपर्छ जसमा कि तिनीहरूले सत्य विश्वास अनुसरण गर्नेछन्। १४तब तिनीहरूले यहूदी कथाहरू सुन्ने अनि ती मानिसहरूका आदेश मान्ने छैनन् जसले सत्यलाई तुच्छ सम्झन्छन्। १५शुद्ध हृदय हुनेहरूलाई सबै कुरा शुद्धै छन्। तर तिनीहरूका निम्ति, जो पापद्वारा प्रदुषित अनि अविश्वासीहरूको निम्ति केही पनि शुद्ध छैन। साँच्चै, तिनीहरूको विचारै खराब भइसकेको छ अनि उचित के हो त्यो चिन्ने तिनीहरूको शक्ति नष्ट भइसकेको छ। १६तिनीहरू परमेश्वरलाई जान्दछौं भनेर दावी गर्छन्, तर तिनीहरूको कर्मद्वारा यो स्पष्ट हुन्छ कि

तिनीहरू उहाँलाई मान्दैनन्। तिनीहरू भयंकर मानिसहरू हुन्, तिनीहरू अनाज्ञाकारी छन् अनि तिनीहरू कुनै किसिमको राम्रो कामको निम्ति लायकका छैनन्।

### साँचो शिक्षाको अनुसरणगर्नु

**२** तर, तिमीले मानिसहरूलाई साँचो शिक्षाको अनुसरण गर्न तिनीहरूले के-के गर्नु पर्छ त्यो बताउनु पर्छ। २पाका मानिसहरूलाई आत्म संयमी, गंभीर र ज्ञानी बन्ने कुरा सिकाऊ। तिनीहरू विश्वासमा, प्रेममा र धैर्यमा दृढ़ बन्नुपर्छ।

३बृद्ध स्त्रीहरूलाई पनि आफ्ना जीवन मार्गमा पवित्र बन्न सिकाऊ। तिनीहरूले अर्काका विरुद्ध कुरा गर्नु हुँदैन भनी अनि ज्यादा दाखरस पिउने बानी गर्नु हुँदैन। ती स्त्रीहरूको लागि के राम्रो हुन्छ त्यो सिकाऊ। ४त्यही प्रकारले तिनीहरूले जवान स्त्रीहरूलाई आफ्ना पति र बालकहरूलाई माया गर्न सिकाउनु पर्छ। ५तिनीहरूलाई बुद्धिमानी र पवित्र हुन, आफ्नो घरको ख्याल राख्नु, आफ्ना पतिहरू प्रति दयालु अनि आज्ञाकारी हुनु भनी सिकाउनै पर्छ। यस्तो स्थितिमा परमेश्वरले हामीलाई दिनु भएको शिक्षाको बारेमा कुनै आलोचना हुने छैन।

६त्यसरी नै नवयुवाहरूलाई ज्ञानी बन्ने उत्साह दिनू। ७ती नवयुवाहरूका निम्ति हरेक कुरामा असल-असल काम गर्दै तिमी एक उदाहरण बन्नु पर्छ। जब तिमी तिनीहरूलाई सिकाउँछौ इमान्दार अनि गम्भीर बन। ८जब तिमी सत्य बोल्छौ, यस्तो प्रकारले बोल, जसमा कि कसैले तिम्रो आलोचना गर्ने छैन अनि तब तिम्रो विरोधमा हुने कुनै मानिस आफै लज्जित भएको अनुभव गर्ने छन्। किन कि हाम्रो विरोधमा बोल्ने उसित केही हुनेछैन।

९अनि यी कुराहरू दासहरूलाई पनि भन। तिनीहरूले सधैं आफ्ना मालिकहरूको आज्ञा पालन गरून्; तिनीहरूले आफ्ना मालिकहरूलाई खुशी राख्ने कोशिश गरून्, तिनीहरूले आफ्ना मालिकहरूसित तर्क गर्नु हुँदैन, १०तिनीहरूले मालिकको कुनै कुरा चोरी गर्नु हुँदैन अनि आफ्ना मालिकले तिनीहरूमाथि पूर्ण विश्वास गर्न सक्छन् भनेर देखाउनु पर्छ। यदि दासहरूले यस्तो गरे तिनीहरूका प्रत्येक कामले हाम्रा मुक्तिदाता परमेश्वरको शिक्षा राम्रो रहेछ भन्ने प्रमाण गर्नेछ।

११हामी यसरी जिउनु पर्छ किन कि परमेश्वरको अनुग्रह हामी कहाँ पुगेको छ। त्यो दयाले हरेकलाई बचाउनुसक्छ। अनि त्यो दया हामीलाई दिइएको छ। १२त्यही अनुग्रहले हामीलाई परमेश्वरको विरुद्ध न बाँच्नु भन्ने सिकाउँछ अनि संसारले चाहेको जस्तो कुकर्म गर्नबाट हामीलाई रोक्छ। त्यो अनुग्रहले हामीलाई पृथ्वीमा ज्ञानी अनि सही तरिकाले हाम्रो जीवन जिउन सिकाउँछ जसले हामी परमेश्वरको सेवा गर्छौं भन्ने देखाउँछ। १३हाम्रा परम परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको आगमनलाई पर्खिंदा हामीले हाम्रो जीवन यसरी नै बाँच्नुपर्छ। उहाँ हाम्रा महान आशा हुनुहुन्छ, उहाँ आफ्ना महिमा सहित आउनु हुनेछ। १४उहाँले स्वयंलाई जम्मै दुष्ट्याइँबाट हामीलाई मुक्ति दिनु समर्पण गर्नु भयो। हामीलाई केवल उहाँका मानिस तुल्याउन अनि जो सदैव असल कुराहरू गर्नु उत्सुक रहने तुल्याउन उहाँले प्राण त्याग्नु भयो।

१५यी कुराहरू मानिसहरूलाई भन। तिम्रो पूर्ण अधिकार छ। यसकारण मानिसहरूलाई सुदृढ़ तुल्याउन अनि तिनीहरूले के गर्नु पर्छ भनी तिनीहरूलाई भन्न त्यो अधिकार प्रयोग गर। अनि सावधान बन कि कसैले पनि तिमीलाई महत्वहीन संझेर त्यस्तै व्यवहार नगरून्।

### जिउने असल तरिका

**३** मानिसहरूलाई यी कुरा गर्नु नभुल्नु, भनी भन; शासक र सरकारी अगुवाहरूका अधिकारमा रहनु, ती अधिकारीहरूको आज्ञा पालन गर्नु अनि सबै किसिमका राम्रो कामको निम्ति तयार बस्नु; २कसैको विरुद्ध नराम्रो कुरा नगर्नु; अरूहरूसित शान्तिले बस्नु, अन्य मानिसहरू प्रति सहनशील अनि अति भद्र बन्नु। विश्वासीहरूलाई सबै मानिसहरूसित यसो गर्नु भनी भन।

३अघि-अघि हामी मूर्ख थियौं। हामीले आज्ञा पालन गरेनौं, हामी गलत थियौं अनि आफ्ना शरीरका वश थियौं, जसले नराम्रा कुरा गर्न चाहन्थे। हामीले दुष्टता अनि इर्ष्याको जीवन बाँच्यौ। मानिसहरूले घृणा गरेको जीवन बाँच्दै थियौं अनि हामीले तिनीहरूलाई घृणा गर्‍यौ। ४तर तब हाम्रा मुक्तिदाता परमेश्वरले मानिसहरूको लागि उहाँको दया अनि उहाँको प्रेम हामीलाई जनाउनु भयो। ५उहाँले हामीलाई आफ्नो दयाद्वारा नै बचाउनु भयो- परमेश्वर प्रति सही हुन्छौ भनी हामीले गरेका असल कामको कारणले होइन। उहाँले हामीलाई धोएर बचाँउनु भयो जसले हामीलाई नयाँ मानिस तुल्यायो।

उहाँले हामीलाई पवित्र आत्माद्वारा नँया तुल्याएर हामीलाई
बचाउनु भयो। ६परमेश्वरले त्यो पवित्र आत्मा हाम्रा
मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि पूर्णरूपले खन्याउनु
भयो। ७उनको अनुग्रहले हामी धर्मी ठहरियौं। अनि
परमेश्वरले हामीलाई अनन्त जीवन प्राप्त गर्न आत्मा
दिनुभयो। हामी त्यसैको आशामा थियौं। ८त्यो शिक्षा
साँचो हो।

अनि म चाहन्छु कि मानिसहरूले यी कुराहरू बुझ्नु
पर्छ भनी निश्चित गर। तब परमेश्वरका मानिसहरूले
तिनीहरूको जीवनमा असल कार्य गर्न तिनीहरू स्वयंलाई
अर्पण गर्ने छन्। यी कुरा असल छन् अनि यी
कुराहरूले मानिसहरूलाई असल बन्नमा सहयोग दिनेछ।

९मूर्खतापूर्ण बहस गर्ने, वंशावली कथाहरू भन्ने,
व्यवस्थाले सिकाउने कुराहरू बारे तर्क गर्नेहरूबाट
अलग बस। यस्ता निरर्थक कुराहरूले कसैलाई लाभ
गर्दैन। १०यदि कसैले तर्क गर्न चाहे, उसलाई चेतावनी
देऊ। यदि अझै पनि तर्क गरिरहे उसलाई फेरि चेतावनी
देऊ अनि अझ पनि तर्क गरिरहे त्यो उसैलाई छाड़िदेऊ।
११यस श्रेणीको व्यक्ति नराम्रो अनि पापी हुन् भनी
तिमीले जान्नु पर्छ। उसको पापले उ गलत छ भन्ने
प्रमाण दिन्छ।

## याद गर्नुपर्ने कुराहरू

१२अर्तिमास र टाइकिकसलाई म तिमी भएकहाँ
पठाउँदैछु। तिनीहरूलाई पठाएपछि निकोपोलिसमा म सँग
मिल्ने तिमी सक्दो कोशिश गर। यो ठण्डा मैले त्यहाँ
बिताउने निश्चय गरेको छु। १३वकील जीनस र अपोल्लसले
आफ्ना यात्रा यहाँदेखि जारिराख्ने छन्। तिनीहरूको
यात्राका निम्ति तिमीले जतिसक्छौ तिनीहरूलाई सघाऊ।
तिनीहरूलाई चाहिने सबै थोकको व्यवस्था होस्। १४असल
काम गरेर अनि आवश्यक परेकाहरूलाई सहायता गरेर
आफ्नो जीवन जिउने तरिका हाम्रा मानिसहरूले सिक्नुपर्छ।
जब तिनीहरू त्यसो गर्छन् तब तिनीहरूको जीवन
फलहीन हुनेछ।

१५ती सबै जो मसित छन् तिमीलाई प्रणाम जनाएका
छन्। त्यहाँका ती मानिसहरू सबैलाई जो विश्वासमा प्रेम
गर्छन्, हाम्रो प्रणाम छ।

तिमीहरू सबै प्रति परमेश्वरबाट अनुग्रह रहोस्।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html